# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७८।०१।३०

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ मुगु शाखाका पूर्वअध्यक्ष सुमन मल्लको ४१ वर्षको अल्पायुमै भएको असामयिक निधनको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको छ । विगत १ वर्षदेखि मधुमेह र बाथ रोगबाट पीडित मल्लको गएराति १०:०० बजे मुगुको छायानाथ रारा नगरपालिका-१ श्रीनगर गाउँस्थित निवासमा निधन भएको हो ।

विगत दुई दशकदेखि पत्रकारितामा क्रियाशील मल्ल नागरिक दैनिकको स्थानीय सम्बाददाता हुनुहुन्थ्यो। उहाँले कर्णाली देख्खिन बग्दोछ र सुइना कर्णाली नामक नाटकको लेखन तथा अभिनयसमेत गर्नुभएको थियो । उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक कुशल र जुझारु युवा पत्रकार गुमाएको छ । स्वर्गीय मल्लका श्रीमती, दुई छोरी र एक छोरा छन् ।

महासंघ स्वर्गीय पत्रकार मल्लप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org